# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, मंसिर ५ गते, २०८१ साल (अतिरिक्ताङ्क ३१

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

### प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) नियमावली, २०८१

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को

दफा १७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायको नियमावली बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस नयमावलीको नाम **"प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) नियमावली, २०८१"** रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को नियम २ मा संशोधनः**</u> प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ (यस पछि मूल नियमावली भनिएको) को नियम २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "कृषि कर्जा" भन्नाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम इजाजत प्राप्त बैंक, वित्त कम्पनी, लघुवित्त तथा सहकारी संस्थाले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने गरी सोही वर्गमा वर्गीकरण गरेको कर्जा सम्झनु पर्छ।"

३. <u>**मूल नियमावलीको नियम ४ मा संशोधनः**</u> (१) मूल नियमावलीको नियम ४ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) बैंक, वित्त कम्पनी, लघुवित्त तथा सहकारी संस्थाबाट कृषि कर्जा लिई कृषि उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बन्धी कार्य गर्नेहरुलाई कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराइनेछ।"

(२) मूल नियमावलीको नियम ४ को उपनियम (५), (६), (७) र (८) खारेज गरिएको छ।

४. <u>**मूल नियमावलीको नियम ५ मा संशोधनः**</u> मूल नियमावलीको नियम ५ को उपनियम (२) र (३) खारेज गरिएको छ।

५. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को खण्ड (ज) खारेज गरिएको छ।

६. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको "नियम ५ को उपनियम (१)" भन्ने शब्दहरुको पछाडी रहेका "र (२)" भन्ने शब्दहरु झिकिएका छन्।

७. मूल नियमावलीको नियम १० मा संशोधनः (१) मूल नियमावलीको नियम १० को खण्ड (क) मा रहेका "नियम ५ को उपनियम (१)" भन्ने शब्दहरुको पछाडी रहेका "र (२)" भन्ने शब्दहरु झिकिएका छन्।

(२) मूल नियमावलीको नियम १० को खण्ड (ग) खारेज गरिएको छ।

८. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) कृषि कर्जामा ब्याज अनुदानको लागि कृषि कर्जा उपलब्ध गराउने बैंक, वित्त कम्पनी, लघुवित्त तथा सहकारी संस्था छनोट गर्ने,"

स्वीकृत मिति : २०८१।०८।०५

आज्ञाले,
(डा. शरण कुमार पाण्डे)
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश